मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १५९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख १४ गते शुक्रवार (Friday, 26 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आगो निभाउने क्रममा जलेर मृत्यु

**बिर्तामोड, वैशाख १३।** खोटाङको रावाबेशी गाउँपालिका-१ हरामटार मैनचौर सामुदायिक वनमा लागेको आगो निभाउने क्रममा जलेर ८५ बर्षीय बृद्धको मृत्यु भएको छ ।

सामुदायिक वनमा लागेको आगो निभाउने क्रममा अचानक आफैंलाई आगोले पोल्दा स्थानीय ८५ बर्षीय सिद्धीबहादुर श्रेष्ठको घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ । पछिल्लो समय आगलागीका घटनामा वृद्धि भएको भन्दै सचेतना अपाउन प्रहरीले आग्रह गरेको छ ।

## विदेश पठाई दिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

**झापा, बैशाख १३।** वैदेशिक रोजगारीका लागि क्यानाडा पठाइदिन्छु भन्दै ४१ लाख २० हजार ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा सुनसरी इनरुवा नगरपालिका-३ घर भई हाल काठमाडौँ चन्द्रागिरि नगरपालिका-११ नैकाप बस्ने ३९ वर्षीय सत्यन्द्र श्रेष्ठ र बागलुङ काठेखोला गाउँपालिका-५ घर भई काठमाडौँ महानगरपालिका-१६ वनस्थली बस्ने २७ वर्षीय विवेक कँडेल रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेकामध्ये सत्यन्द्रले क्यानडा पठाइदिने भन्दै पीडितबाट रु. ३८ लाख २० हजार ठगी गरेको र विवेकले माल्टा पठाइदिने भन्दै तीन जना पीडितबाट रु. तीन लाख ठगी गरेको खुल्न आएकाले सत्येन्द्रलाई अनामनगर र विवेकलाई बागबजारबाट पक्राउ गरिएको हो ।

पक्राउ परेकाहरुलाई थप अनुसन्धान तथा कारवाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको प्रवक्ता रेग्मीले बताए ।

## दुर्घटनामा दुई जनाको मृत्यु

**बिर्तामोड, वैशाख १३।** झापाको कनकाई र भद्रपुरमा दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

कनकाई-३ सुरुङ्गा पुलस्थितमा बिर्तामोडबाट झिलझिलेतर्फ जाँदै गरेको रा १ प ६३०० नम्बरको मोटरसाइकललाई तत्काल नम्बर नखुलेको सवारीसाधनले ठक्कर दिँदा मोटरसाइकल बिर्तामोड-७ का ३८ वर्षीय तेजमणि खरेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए ।

दुर्घटनामा गम्भीर घाइते भएका उनलाई बिर्तामोडस्थित बिएण्डसी अस्पताल पठाइएकामा चिकित्सकले मृत्यु भइसकेको घोषणा गरेका थिए । सोही मोटरसाइकलमा पछाडि मेचीनगर-१० का २९ वर्षीय प्रसन्न दनुवारको सोही अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै भद्रपुर नगरपालिका-८ नमूना टोलस्थित चन्द्रगढी-भद्रपुर भित्री सडकखण्डमा मोटरसाइकलको ठक्करबाट एक जना ज्येष्ठ नागरिकको मृत्यु भएको छ । भद्रपुरबाट चन्द्रगढीतर्फ आउँदै गरेको मे४प ४८९६ नम्बरको मोटरसाइकले पैदलयात्री हाल नाम, थर वतन नखुलेको अन्जादी ८० वर्षिया महिलालाई ठक्कर दिँदा गम्भीर घाइते भएकी थिइन् । बृद्धाको उपचारका क्रममा प्रादेशिक अस्पताल भद्रपुरमा मृत्यु भएको हो ।

### असुरक्षित बन्दै सडक

# दुर्घटना रोक्न ट्राफिकको सचेतना अभियान

**बिर्तामोड, वैशाख १३।** जीर्ण सडकको अवस्था, सवारीको चाप उच्च, ट्राफिक जनशक्तिको अभाव र सवारी चालकको लापरवाहीका कारण झापामा सवारी दुर्घटना हुने गरेको पाइएको छ । जिल्लामा हुने गरेका दुर्घटनालाई आधार मान्दा अधिकांश दुर्घटना ट्राफिक नियम उल्लंघन गरेकै कारण हुने गरेको पाइएको हो ।

विशेष गरी साँझको समयमा दुर्घटना हुने गरेको र दुर्घटनामा ज्यान गुमाउने २५ वर्षभन्दा माथि उमेर समूह रहेको ट्राफिक प्रहरीको तथ्याङ्कले देखाएको छ । ६ देखि ९ बजेसम्म अधिक दुर्घटना हुने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक नवराज न्यौपानेले बताए । ट्राफिक नियम पालना गराउन ट्राफिक प्रहरीले जिल्लाका विभिन्न स्थानमा चेकपोष्ट खडा गर्दै कार्वाहीलाई तिब्र पारे पनि दुर्घटना भने न्यूनीकरण हुन सकेको छैन ।

चालू आर्थिक वर्षको चैत महिनासम्म ट्राफिक नियम उल्लंघन गर्ने ३६ हजार २१ सवारी चालक कार्वाहीमा परेका छन् । ट्राफिक प्रहरीले सवारी नियम उल्लंघन नगरी सवारी चलाउन जिल्लाका विभिन्न स्थानमा तीन हजार दुई सय २५ वटा सचेतना कक्षा सञ्चालन गरेको र विद्यार्थीसहित एक लाख ३० हजार आठ सय ४९ जनालाई ट्राफिक सचेतना शिक्षा प्रदान गरिए पनि नियमको उल्लंघन गर्दा दुर्घटना हुने गरेको प्रहरी निरीक्षक न्यौपानेले बताए ।



मुख्य राजमार्गमा रहेका प्रहरी युनिटमा दुई जना ट्राफिक प्रहरीले चेकजाँच गर्नु पर्ने बाध्यता रहेको, सबै पोष्टहरुलाई मादक पदार्थ सेवन गरेको या नगरेको छुट्याउने उपकरण ब्रेथलाइजर उपलब्ध गराउन नसकिएको कारण पनि चेकजाँचलाई कडाई गर्न समस्या हुने गरेको उनको भनाइ छ । हाल झापामा दुईवटा मात्र ब्रेथलाइजर मेसिन ट्राफिक प्रहरीसँग रहेको प्रहरी निरीक्षक न्यौपानेले बताए ।

सडकको अवस्था जीर्ण रहेकै कारण दुर्घटना हुने गरेको र प्रविधि मैत्री हुन नसक्दा दुर्घटना बढ्ने सम्भावना रहेको बताइन्छ । शिक्षित समुदायले नै ट्राफिक नियम पालना नगर्नु, सवारी चालकले हेलचेक्र्याँइ गर्नुले पनि दुर्घटना हुने गरको उनको भनाइ छ ।

दुर्घटनामा अघिल्लो आर्थिक वर्षको यो अवधिमा ९९ जनाले ज्यान गुमाएका थिए भने यो आर्थिक वर्ष ६४ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएको ट्राफिक प्रहरीको तथ्याङ्कमा उल्लेख छ । वैशाख महिनाको दुर्घटनालाई हेर्ने हो भने एकै दिन पाँच जनासहित आठ जनाले ज्यान गुमाइसकेका छन् । अघिल्लो आर्थिक वर्ष वैशाख महिनामा ६ जनाले मात्रै ज्यान गुमाएका थिए । तर अघिल्लो आर्थिक वर्षको तुलनामा दुई साता बित्न नपाउँदै आठ जनाले सवारी दुर्घटनामा ज्यान गुमाउनु परेको हो । त्यसो त अघिल्लो आर्थिक वर्षको श्रावण महिनामा १२ जनाले ज्यान गुमाएका थिए भने यो आर्थिक वर्ष पाँच जनाले ज्यान गुमाए । त्यस्तै भदौमा अघिल्लो वर्ष पाँच, यस वर्ष ७ जना, असोजमा अघिल्लो वर्ष १६, यो वर्ष तीन जना, कात्तिकमा अघिल्लो वर्ष ९ जना र यो वर्ष १३ जनाले ज्यान गुमाए । त्यस्तै मंसीरमा अघिल्लो वर्ष १४ र यो वर्ष चार जना, पुसमा अघिल्लो वर्ष १२ , यो वर्ष दश, माघमा अघिल्लो वर्ष सात जना र यो वर्ष ४ जनाले ज्यान गुमाए ।

यता फागुनमा अघिल्लो वर्ष १० जनाले ज्यान गुमाएका थिए भने यो वर्ष ७ जनाले

*(बाँकी अन्तिम पृष्ठमा)*

## उपनिर्वाचनमा सेना परिचालन

**झापा, वैशाख १३।** वैशाख १५ गते हुने उपनिर्वाचनको सुरक्षाका लागि नेपाली सेना परिचालन हुने भएको छ। सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले सेना परिचालन गर्न स्वीकृति प्रदान गरेका हुन्।

वैशाख १५ गते इलाम-२ प्रतिनिधि सभा र बझाङमा (१) प्रदेश सभा सदस्यका लागि निर्वाचन हुँदैछ। 'उपनिर्वाचन स्वतन्त्र, निष्पक्ष एवम् भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सुरक्षा निकायहरू समन्वयात्मक रूपमा परिचालन गर्न राष्ट्रिय सुरक्षा परिषद्को मिति २०८१/१/१० को बैठकको सिफारिसका आधारमा मन्त्रिपरिषद्को २०८१/१/१० को निर्णय तथा प्रधानमन्त्रीको २०८१/१/१० को पत्रको आधारमा उल्लेखित कार्यमा नेपाली सेना परिचालन गर्न नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम स्वीकृति प्रदान' गरिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

इलाम र बझाङमा सेना परिचालित भइसकेको जनाइएको छ। निर्वाचनलाई लक्षित गरी सरकारीले सेना परिचालन गर्ने निर्णय गरेको थियो।









## दुर्घटना...

ज्यान गुमाए । चैतमा अघिल्लो वर्ष ७ जनाले ज्यान गुमाउँदा यो वर्ष ५ जनाले ज्यान गुमाए । ट्राफिक प्रहरीले चेकजाँचलाई कडाइ गरे पनि ट्राफिक प्रहरीलाई छक्याउँदै नियम उल्लंघन गर्दा दुर्घटना हुने गरेको बताइन्छ। ट्राफिक प्रहरीले अघिल्लो आर्थिक वर्षको तुलना चेकजाँचलाई तिब्र बनाउँदा राजश्व संकलन समेत बढेको तथ्याङ्कले देखाएको छ ।

अघिल्लो वर्ष चैत महिनासम्ममा दुई करोड ६६ लाख, ८६ हजार, पाँच सय रुपैयाँ राजश्व संकलन गरेको ट्राफिक प्रहरीले यो वर्ष सोही अवधिमा दुई करोड ७७ लाख ३६ हजार एक सय ४१ रुपैयाँ राजश्व संकलन गरेको प्रहरी निरीक्षक न्यौपानेको भनाइ छ ।

झापामा रहेको यातायात व्यवस्था कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/०८० सम्ममा दुई लाख ९६ हजार आठ सय ८५ वटा सवारी दर्ता रहेका छन् । जुन अनुपातले हेर्दा एक जना ट्राफिक प्रहरीले तीन हजार ३२ वटा सवारी साधनको रेखदेख गर्नु पर्ने अवस्था रहेको प्रहरी निरीक्षक न्यौपानेको भनाइ छ। सडक दुर्घटना न्यूनीकरणकै लागि विद्यार्थीसँग ट्राफिक सचेतना कक्षा, हेलमेटको प्रयोग सम्बन्धी सडकमै प्रशिक्षण, नयाँ चालक, व्यवसायी, परिचालकलाई विशेष कक्षा, सर्वसाधारणलाई ट्राफिक सचेतना सम्बन्धी कक्षा सञ्चालन गरेको बताइएको छ ।


# श्री अर्जुनधारा संस्कृत आदर्श मा. वि.

अर्जुनधारा नगरपालिका -७, झापा

स्था : २०४८ मिति : २०८१।०१।१४

## विषय : आवश्यकता सम्बन्धमा

शिक्षा विकास तथा समन्वय इकाइ झापाको मिति २०८१/०१/१३ च.न.१२२५ को प्राप्त पत्रानुसार यस श्री अर्जुनधारा संस्कृत आदर्श मा. वि. अर्जुनधारा -७ झापामा नि.मा.वि. तहको राहत दरबन्दी गणित विषयको करार शिक्षक पदमा नियुक्ति गर्नु पर्ने भएकाले विद्यालय व्यवस्थापन समिति तथा शिक्षक छनौट समितिको मिति २०८१/०१/१३ गतेको निर्णय अनुसार शिक्षा सेवा आयोगद्वारा नि.मा.वि. तहको गणित विषयमा कोशी प्रदेशका लागि करार सूचीमा नाम समावेश भएका व्यक्तिहरुलाई २०८१/०१/२८ भित्र (विदा भए त्यसको भोलिपल्टसम्म) आवेदन दिन यो सूचना प्रकाशित गरएिको छ। तोकिएको मितिसम्ममा कसैको पनि निवेदन नपरेको खण्डमा खुल्ला प्रतिस्पर्धाका माध्यमबाट नियुक्ति गर्नका लागि तपसिलको योग्यता पुगेका उमेद्वारलाई निम्न सर्तको अधिनमा रही मिति २०८१/०२/०४ भित्रमा आवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

**विज्ञापन न.** २/०८०/०८१ **पद**: शिक्षक **विषय** : गणित **तह** : नि.मा.वि.

**श्रेणी** : तृतीय **नियुक्तिको किसिम** : करार (राहत) ।

**खुल्लातर्फ शैक्षिक योग्यता** : गणित विषय लिएर प्रमाणपत्र तह वा सो सरह उर्तीण र तालिम प्राप्त ।

**उमेर हद** : १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको ।

**परीक्षाको किसिम** : लिखित परीक्षा , प्रयोगात्मक परीक्षा (आवश्यक परेमा) र अन्तरवार्ता ।

**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**परीक्षा दस्तुर** : १२००।- एक हजार दुई सय मात्र

**आवश्यक कागजातहरू**:

१.नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (२.) शैक्षिक योग्यता र तालिमका प्रमाण पत्रका प्रमाणित प्रतिलिपि

३.स्थायी अध्यापन अनुमति प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (४.) निरोगीताको प्रमाण पत्र

५. शिक्षा सेवा आयोगद्वारा प्रकाशित करार सूचीको सूचनाको प्रतिलिपि (करार सूचीमा नाम समावेश भएकालाई मात्र)

**आवेदन दिने अन्तिम मिति** : २०८१/०१/२८ (करार सूची)२०८१/०२/०४ (खुल्लातर्फ)

परीक्षा मिति र स्थान सम्पर्क मितिमा तोकिने छ ।

सम्पर्क मिति २०८१/०२/०६

कृष्णप्रसाद भट्टराई - सदस्य सचिव
छनौट समिति
९८४२६५७२१३



## मोटरसाइकल हरायो

बिर्तामोडको भाटभटेनी सुपरमार्केट अगाडि पिपलबोट छेउमा पार्किङ गरेको ठाउँबाट मिति २०८१ बैशाख ०१ गते साँझ ५:३० बजेको समयमा हिरोहोण्डा कम्पनीको सुपर स्पेल्डर मोटरसाइकल नारायणप्रसाद तिवारीको नाममा दर्ता रहेको कालो रङको प्र.१-०१-०१३ प १६६९ को हिरोहोण्डा सुपर स्प्लेडर इञ्जिन नम्बर JA05EGJ9J08999 भएको चेसीस नम्बर : MBLJAR038J9J09772 भएको मोटरसाइकल हराएको हुनाले भेट्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : नारायणप्रसाद तिवारी**
**फोन : नं. ९८५२६७८१११**



## मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा

- चिनीयुक्त वा दाँतामा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराइडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुईपटक ब्रस गरौं,
- खाना खाइसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं ।

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाटठ बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## प्रभु बैंक लिमिटेड शाखा कार्यालय विर्तामोड, झापा तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०१/१४ गते शुक्रबार, पूर्वाञ्चल राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्तभई सक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ताफछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि मिति २०८०/०३/११ गते सोमबारको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्तागर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितो लिलाम विक्री गर्ने बारेको सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले मिति २०८०/१०/२२ गते सोमबार, पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री सम्बन्धी १५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएको हुँदा कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती मध्ये कुन सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, विर्तामोड झापामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८१/०१/२१ गते शुक्रबार, (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, विर्तामोड झापामा दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्च: यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

### तपसिल

**क. ऋणी तथाजमानतकर्तातको विवरण:**

**ऋणी :** नेपाल सरकार,उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०८/१० मा दर्ता नं. २०३१५४/०७५/०७६ मा दर्ता भई नेपाल सरकार आन्तरी राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुर झपाबाट मिति २०७७०६।१९ (मु.अ.कर दर्ता मिति २०७७०६।१९) मा स्थायी लेखानम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०६५३९१२६ को प्रमाणपत्र प्राप्त **रिशत इन्टरनेशनल प्रा.लि. । ठेगाना :** झापा जिल्ला, विर्तामोड न.पा. वडा नं.२, रामचोक ।

| संचालक तथा जमानतकर्ता : स्वेता थापा | संचालक तथा जमानतकर्ता : विशाल थापा |
|---|---|
| (ना.प्र.नं. ०१२८८१३०३ जारी मिति २०६०/०७/१८, प्रतिलिपी जारी मिति २०७६/१२/०५ जारी गर्ने कार्यालय जि.प्र.का.झापा) ।<br>ठेगाना : झापा जिल्ला अनारमनी गा.वि.स.३<br>(हाल विर्तामोड न.पा. वडा नं. ५) ।<br>बुवा : ध्रुव कुमार थापा ।<br>ससुरा : गंगा बहादुर थापा ।<br>पति : विशाल थापा । | (ना.प्र.न. १२४२४ मोरङ्ग मिति २०५१/०२/१२ जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग, प्रतिलिपी जारी मिति २०७०/११/२९,जारी गर्ने कार्यालय जि.प्र.का.झापा) ।<br>स्थायी ठेगाना : मोरङ्ग जिल्ला, बरडंगा गा.वि.स.वडा नं.७<br>(हाल रतुवामाई न.पा. वडा नं. ७) ।<br>हालको ठेगाना : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ५ ।<br>बुवा : गंगा बहादुर थापा ।बाजे : जंग वीर थापा । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. स्वेता थापाको नाममा मालपोत कार्यालय रङ्गेली मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, सिजुवा गा.बि.स वडा नं ८ नक्सा सिट ८प स्थित कि.नं. ३८८ क्षेत्रफल ०-५-०-० (१६९३।२० व.मी.) को घर/जग्गातथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.............१

२. बिशाल थापाको नाममा मालपोत कार्यालय रङ्गेली, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, बरडंगा गा.बि.स वडा नं ७ नक्सा सिट ७ङ स्थित कि.नं. १५८ क्षेत्रफल १-४-१२-२ (८३३८।७७ व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

३ ऋणी **रिशत इन्टरनेशनल प्रा.लि.को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण................................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ, स्थित कर्जा असुली विभाग र शाखा कार्यालय विर्तामोड**बाट समेत प्राप्तगर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखाकार्यालय, विर्तामोडमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

के.का. : कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

को

शाखा कार्यालय : विर्तामोड, झापा
फोन नं.: ०२३-५३५०३१/३२

## शाखा कार्यालय विर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०१/१४ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक मिति २०८०/१२/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

### तपसिल

**ऋणीको विवरण**

विरध्वज सिंह बुढाथोकीको नाति, दिल बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **मदन बहादुर बुढाथोकी (ना.प्र.प.नं. ६९७१२२७४, झापा)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दिल बहादुर बुढाथोकीको बुहारी, मदन बहादुर बुढाथोकी पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **तुलसा बुढाथोकी (ना.प्र.प.नं. ६९७११८७७, झापा)**
२. छत्र सिंह बुढाथोकीको नाति, डिल्ली बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, दमक गा.वि.स./न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **हेमन्त बुढाथोकी (ना.प्र.प.नं. २३१११६०९३, झापा)**
३. डिल्ली बहादुर बुढाथोकीको बुहारी, हेमन्त बुढाथोकीको पत्नी, मोरङ्ग जिल्ला, केरौन गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **गिता कार्की (ना.प्र.प.नं. ४५५९४, मोरङ्ग)**
४. मधुसुदन घिमिरेको नाति, तारा प्रसाद घिमिरेको छोरा, झापा जिल्ला, शान्तिनगर गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **दुर्गाप्रसाद घिमिरे (ना.प्र.प.नं. ०४३००२/८३ झापा)**
५. तारा प्रसाद घिमिरेको बुहारी, दुर्गाप्रसाद घिमिरेको पत्नी, इलाम जिल्ला, शान्तीडाँडा गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **बिन्दा खतिवडा (ना.प्र.प.नं. ०३-०१-०१३/२४९२७, इलाम)**
६. दिल बहादुर बुढाथोकीको नाति, मदन बहादुर बुढाथोकीको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **अबिनम सिं बुढाथोकी (ना.प्र.प.नं. ०४-०१-७०-१२९८६, झापा)**
७. मदन बहादुर बुढाथोकीको बुहारी, अबिनम सिं बुढाथोकीको पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **रचना सिलवाल (ना.प्र.प.नं. ०४-०१-७४-०५०८१, झापा)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **मदन बहादुर बुढाथोकीको** नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता रहेको झापा जिल्ला, पाराखोपी गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. १३२०, १३१६ र ११८६ को क्रमश: क्षेत्रफल ०-३-१७.५, ०-९-१७ र ०-०-१६ (बि.क.धु.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२. **तुलसा बुढाथोकीको** नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता रहेको झापा जिल्ला, पाराखोपी गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ९६५ को क्षेत्रफल ०-०-१८ (बि.क.धु.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**नोट: शाखा कार्यालय विर्तामोड, झापाको धितोमा रहेको सम्पत्ति ऋणी सप्तदीप सप्लायर्स प्रा.लि. को लागि समेत धितोमा रहेको ।**

**नोट: यो सूचना मिति २०८१/०१/१४ गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ ।**

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०१/१४ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय विर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०१/२८ गते शुक्रबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०१/२९ गते शनिबार सार्वजनिक विदा परेकोले मिति २०८१/०१/३० गते आइतबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय विर्तामोड, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।



**श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित** - कार्यालय : **बिर्तामोड-१, झापा** ■ प्रकाशक : **भरतलाल गिरी**, ■ अध्यक्ष : **टोरूप प्रसाई**, ■ व्यवस्थापक : **चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९)** ■ प्रकाशन सहयोगी : **भानुप्रसाद शिवाकोटी** ■ सम्पादक : **एकराज गिरी**
■ कार्यकारी व्यवस्थापक : **होमप्रकाश अधिकारी (९८४२६३४७४०)** ■ अनलाइन संयोजक : **नरेन्द्र ढकाल** ■ सह-सम्पादक : **सुरेन्द्र भण्डारी** ■ डेस्क सम्पादक : **लक्ष्मण ढकाल** ■ लेखा : **सोमनाथ भण्डारी** ■ बजार व्यवस्थापक : **लीला आचार्य (९८१४०१८५७१)** ■ कम्प्युटर : **रुपा मुखिया/ सन्तोष अधिकारी**
■ बिर्तामोड प्रतिनिधि: **गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३** ■ प्रोसेसिङ : **गोपाल मण्डल** ■ प्राविधिक : **बद्री महतारा** **(कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४)** Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय


# नयाँ सम्बन्धको सदुपयोग गर

**कतारका राजा शेख तमिम् विन हमाद अल थानी नेपालको दुई दिने भ्रमण सकेर स्वदेश फर्किएका छन् । तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलनको मुखैमा मध्यपूर्वको धनी देश कतारका राजा थानीको दुई दिने नेपाल भ्रमणले लगानीसम्मेलनमा सकारात्मक प्रभाव पार्न सहयोग गर्ने अपेक्षा गरिएको छ । राजा थानीको भ्रमणका क्रममा कला, संस्कृति, शिक्षा, सञ्चार, युवा तथा खेलकुद, कानूनी सहायता, कूटनीतिक र उद्योग वाणिज्य क्षेत्र लगायतका आठ वटा विषयमा समझदारी पत्रमा हस्ताक्षर भएको छ । सरकारले अत्यन्त उपलब्धिमूलक भनेको कतारका राजा थानीको भ्रमणका क्रममा नेपाली श्रमिकहरुले कतारमा रहँदा भोग्नु परेको दुःख र उनीहरुको हकहितका विषयमा भने सरकारले कुरै नउठाएको टिप्पणी भएको छ ।**

**कतार नेपाली कामदारहरुको प्रमुख गन्तव्य हो । नेपाल र कतारबीच सन् २००५ को मार्च २१ मा नेपाली जनशक्ति रोजगारी सम्बन्धी द्विपक्षीय सम्झौता भएको थियो । त्यसको तीन वर्षपछि उक्त सम्झौताको अरिरिक्त प्रोटोकलमा हस्ताक्षर भएको थियो । त्यही सम्झौतापत्र माथि पुनरावलोकन गर्दै नेपाली श्रमिकको दुःख र समस्या लगायतका विषयमा कतार पक्षबाट कुनै चासो नदेखाइएको जानकारहरु बताउँछन् । नेपाल सरकारका तर्फबाट श्रम सम्झौताको पुनरावलोकनका लागि श्रम मन्त्रालयमार्फत पत्र पठाएको र परराष्ट्र मन्त्रालयले पनि नेपालस्थित कतारी दूतावासमार्फत पत्राचार गरिसकेको थियो । तर, कतार सरकारले त्यसको सकारात्मक जवाफ नदिएकोले कतार नेपाली श्रमिकका बारेमा संवेदनशील नरहेको प्रष्ट हुन्छ ।**

**मध्यपूर्वको आर्थिक शक्तिका रुपमा स्थापित कतारका राजाले नेपाललाई प्राथमिकतामा राख्नु उपलब्धि नै हो । तर, यस्तो महत्त्वपूर्ण भ्रमणलाई नेपालले सदुपयोग गर्न नसक्नु हाम्रो कूटनीतिक अक्षमता नै हो । यो भ्रमणमा त्यहाँको वित्तीय शक्ति रहेको पेट्रोलियम पदार्थको नेपाली बजारसम्मको पहुँच वा त्यहाँको आर्थिक क्षमतालाई नेपालको पूर्वाधार विकासमा लगाउने विषयमा नेपालले प्रभावकारी पहल गर्नुपर्ने आमनेपालीको अपेक्षा थियो । कतारको जेलमा रहेका निर्दोष नेपालीका बारेमा छलफल गरिनुपर्थ्यो, उनीहरुको सकुशल रिहाइका विषयमा सहमति निर्णय नै हुनुपर्थ्यो । आमनेपालीसँगको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरु ओझेलमा परेका भए पनि कतारी राजाको भ्रमणलाई उच्च महत्त्व दिएर नेपाल सरकारले राजा नामको संस्थाको गरिमालाई सम्मान दिएको छ । अतः यो सम्बन्धलाई सदुपयोग गर्दै नेपाल र नेपालीको हितमा लगाउनुपर्छ । त्यसमै सरकारको सफलता निर्भर रहन्छ ।**

### सामाजिक सञ्जाल



'बर्वाद छ, खत्तम भो' भनेर हल्ला गरेर, निराशा फैलाएर समस्या समाधान हुने छैन । अवस्था समग्रतामा बुझौं । हिजोको दृश्य के थियो, आज के छ, भोलि के हुनसक्छ सोचौं वास्तविकताको एउटा पाटो मात्र होइन सबै पाटा हेरौं, सम्भव विकल्प खोजौं समय लाग्न सक्छ अवस्था फेर्न सकिन्छ यतातिर लागौं । शुभ होस् ।

**– निलाम्बर आचार्य**



मन्दीताका बैंकहरूमा तरलताको अभाव भयो, पैसा छैन भन्थे । अहिले बैंकहरूमा पैसा थुप्रियो ऋणको माग हुन छोड्यो । निक्षेपको लगानी हुन नसकेर बैंक समस्यामा पर्नथाले भन्छन् । कसरी बुझ्ने यसलाई ?

**– बाबुलाल भण्डारी**

# नेपालमा वैदेशिक लगानी



**श्रीमन नारायण**

सरकारले बैशाख १६ र १७ गते काठमाडौँमा तेस्रो लगानी सम्मेलनको आयोजना गर्दैछ। 'इमर्जिङ नेपाल इन्भेस्टमेन्ट समिट-२०२४' नाम दिइएको यस सम्मेलनले लगानी आकर्षित गर्न आवश्यक नीतिगत तथा कानूनी स्पष्टता, 'सोकेस' का आयोजनाको पूर्व तयारी सम्मेलनको प्रचारप्रसार तथा अतिथिलाई निम्तो दिनेलगायतका काम द्रूतगतिमा भइरहेको छ।


नेपालले प्रत्यक्ष वैदेशिक लगानी खुला गरेको तीन दशक बितिसक्यो, तर अन्य देशको तुलनामा नेपालमा वैदेशिक लगानी भित्रिन सकेको छैन। नेपालभन्दा गरीब एवम् दासताको लामो पृष्ठभूमि बोकेका देशले कम समयमा नै गरेको उल्लेखनीय प्रगतिको मुख्य कारण ती देशले वैदेशिक लगानीलाई भित्र्याउन सक्नु हो। यस लगानी सम्मेलनपछि नेपालमा पनि मित्रराष्ट्रका उद्योगपतिहरूले उत्साही भएर लगानी गर्ने अपेक्षा गर्न सकिन्छ। लगानीमैत्री वातावरणको निर्माण गर्ने जिम्मेवारी सरकारको हो र सरकारले यस दिशामा ठोस एवम् सार्थक पाइँला चाल्ने निश्चित छ।

२१औं शताब्दीमा आर्थिक प्रगति गर्न चाहने राष्ट्रहरूले वैदेशिक लगानी भित्र्याउनुको विकल्प छैन। कुनै पनि देशको आर्थिक विकासका लागि लगानी पूर्व शर्त हो। लगानीबाट नै रोजगारी सिर्जना हुन्छ, राजश्व बढ्छ। पूर्वाधारहरू बनेपछि स्वतः लगानी आकर्षित हुन्छ। देशको आर्थिक वृद्धि गर्न र रोजगारी सिर्जना गर्न वैदेशिक लगानीको रङ हेर्नु हुँदैन। बाहिरबाट आउने लगानीले अन्ततः नेपाल कै भलो गर्ने हो। विश्वका जति पनि देशले आर्थिक प्रगति गरेका छन्, ती सबैले राष्ट्रहितलाई सर्वोच्च प्राथमिकतामा राख्दै आएका छन्।

देशमा स्थायी शान्ति कायम भएको छ। राजनीतिक अस्थिरताले पनि आर्थिक विकासको मार्गलाई अवरुद्ध पार्ने छैन किनभने देशका सबैजसो राजनीतिक दलहरूले वैदेशिक लगानीको आवश्यकतालाई महशुस गरेका छन् र यसको समर्थनमा दह्रो रूपमा उभिएका छन्। पाँच वर्षअघि नै तत्कालीन सरकारले पाँच वर्षभित्र वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता अन्त्य गर्ने लक्ष्यको उद्घोष गरेको थियो। लक्ष्य त नराम्रो थिएन, तर सम्भव भएन। नेपाली युवाले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्न देशभित्र रोजगारी सिर्जना गर्ने ठूला उद्योग स्थापना गर्न वैदेशिक लगानीकर्तालाई भित्र्याउनु आवश्यक छ।

वैदेशिक लगानी भित्र्याउन खासगरी लगानी सम्बन्धी कानूनमा सुधार, नाफा फिर्ता लैजान पाउने सुनिश्चितता र लगानी संरक्षण सम्बन्धमा लगानीकर्तालाई विश्वस्त तुल्याउन सक्नु पर्छ। कर्मचारीतन्त्रबाट उत्पन्न गरिने प्रक्रियागत र स्थानीय तथा सरोकारवालाको आवरणमा केही राजनीतिक दल र तिनका भ्रातृ संस्थाबाट हुने गरेको 'बार्गेनिङ' लाई पनि रोकिनु आवश्यक मानिन्छ। प्रक्रिया पालन गरी वैधानिक बाटोबाट आउन खोज्ने विदेशी कम्पनीको लगानी सहजीकरण गरिदिन सरकारको ध्यान जानु पर्छ। पूर्वाधार र उत्पादन क्षेत्रमा विदेशी लगानी भित्रिन सकेको खण्डमा रोजगारीमा वृद्धिदेखि प्रतिव्यक्ति आय बढ्ने वातावरणको पनि निर्माण हुन्छ।

हाम्रो उत्तरी छिमेकी चीनमा वामपन्थी पार्टीको शासन छ। त्यहाँको आर्थिक विकासका निम्ति पनि वैदेशिक लगानीलाई अपरिहार्य ठान्ने काम भयो। आधुनिक चीनको विकास गाथाको प्रेरणा स्रोतको रूपमा देङ जियाओ पिङको आर्थिक नीतिलाई नै मान्ने गरिन्छ। उहाँले अस्सीको दशकमा नै आर्थिक उदारीकरणको नीतिलाई लागू गर्नुभएको थियो। अहिले दक्षिण कोरिया र जापानभन्दा पनि बढी वैदेशिक लगानी भित्र्याउन चीन सफल छ।




दक्षिणी छिमेकी भारतले अहिले झन्डै आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरिरहेको छ। भारतको आर्थिक प्रगतिमा सन् १९९१ मा तत्कालीन प्रधानमन्त्री पिभी नरसिंह राव र तत्कालीन वित्तमन्त्री डा. मनमोहन सिंहले लागु गरेको आर्थिक उदारीकरणको नीति नै मुख्य कारण हो। विगत साढे चार दशकदेखि उत्तरी छिमेकी चीन तथा साढे तीन दशकदेखि भारतले सोही आर्थिक नीतिलाई निरन्तरता दिँदै आएको छ।

करिब सात वर्षअघि काठमाडौँमा आयोजित लगानी सम्मेलनलाई सम्बोधित गर्दै भारतका तत्कालीन वित्तमन्त्री अरुण जेट्लीले वैदेशिक लगानीको महत्वबारे भन्नुभएको थियो- 'हाम्रो देशमा कसको लगानी आयो भनेर हेरेनौँ किनभने लगानी आएपछि बढ्ने आर्थिक क्रियाकलापले नै सरकारको आम्दानी बढ्ने हो। त्यसरी आउने लगानीले सिर्जना गर्ने आर्थिक क्रियाकलाप र रोजगारी लगानीको रङभन्दा धेरै महत्वपूर्ण हुन्छ। साथै लगानी मार्फत राजश्वको पनि वृद्धि हुने गर्छ। एक जनाले लगानी गरेर नाफा आर्जन गरेपछि अरू पनि लगानी गर्न प्रेरित हुन्छन्। त्यसो हुँदा लगानीले थप लगानी सिर्जना गर्छ र नाफामूलक लगानीले अझ ठूलो लगानी आकर्षित गर्छ। लगानी बढदै जाँदा सरकारको राजश्व बढ्छ, जसले अझै ठूलो रोजगारी सिर्जना गर्छ तथा सरकारलाई बढी खर्च गर्न सक्षम बनाउँछ। यसले थप आर्थिक कारोबार बढाउँछ, राम्रो पूर्वाधार बन्छ। राम्रो पूर्वाधार बनेपछि थप लगानी सिर्जना हुन्छ। वैदेशिक लगानीले सिर्जना गर्ने आर्थिक क्रियाकलाप र रोजगारी लगानीको रङभन्दा बढी महत्वपूर्ण हुन्छ।

कुनै पनि देश आफ्नो क्षेत्रफल तथा जनसंख्याका कारणले सानो अथवा ठूलो हुँदैन। देशको महानताको मापदण्ड आर्थिक समृद्धि तथा नागरिकलाई उपलब्ध सेवासुविधाले निर्धारण गर्छ। यस कुरालाई सिङ्गापुर तथा मलेसियाले साबित गरिसकेको छ। सिङ्गापुरको विकासका लागि महानायक लि क्यु वानले आफ्नो दूरदर्शिता, समर्पण, इमानदारी तथा त्यागका कारण आफ्नो देशलाई प्रगतिको शिखरसम्म पुऱ्याउनुभयो। अहिले विश्वका कतिपय देशका शासक, नेता, र जनताको सपना नै सिङ्गापुर जस्तै आफ्नो देशलाई विकास गर्नु रहेको छ।

विश्वभरिबाट कच्चा माल मगाई त्यसको श्रेष्ठ उत्पादन तयार पारी पुनः त्यसै देशमा निर्यात गर्ने कलामा सिङ्गापुरको उदाहरणीय छ। त्यहाँका बन्दरगाह पनि विश्वकै दोस्रो व्यस्त तथा कमाइ गर्ने बन्दरगाहको रूपमा परिचित छ। सिङ्गापुरको व्यापारको तुलनामा सकल घरेलु उत्पादन अर्थात् 'ट्रेड टु जिडिपी' अनुपात विश्वमा सर्वाधिक छ। वर्तमान अवस्थामा सिङ्गापुरको बचत दर विश्वमा सबैभन्दा बढी छ र यहाँका नागरिकका निम्ति अमेरिका र युरोपभन्दा पनि राम्रो सहज स्वास्थ्य सुविधा छ। राष्ट्रको विकासका निम्ति नेताहरूको ध्येय र दृष्टि प्रस्ट हुनु आवश्यक छ।

प्राकृतिक सम्पदाको मामिलामा धनी देश नभए पनि मलेसियाका पूर्व प्रधानमन्त्री महाथीर मोहम्मदको कुशल नेतृत्व क्षमता, दूरदर्शिता तथा राष्ट्र एवम् जनताप्रति समर्पणका कारण मलेसिया आज आधुनिक अर्थ व्यवस्थाको शीर्ष पंक्तिमा छ। नेपाल जतिकै जनसंख्या भएको मलेसियाको कुल निर्यात दुई दशकअघि नै १० हजार करोड अमेरिकी डलरलाई नाघिसकेको थियो। सुरुमा रबर र टिन धातुको कच्चा पदार्थ निर्यात गर्ने मलेसियाले सन् १९७० मा आत्मसात् गरेको आर्थिक नीतिका कारण आज इलेक्ट्रोनिक उपकरणको सबैभन्दा ठूलो निर्माता बनेको छ। मलेसियामा मुसलमानहरू बहुसंख्यक छन्, तर त्यहाँ धार्मिक कट्टरता छैन।

एक दशकअघि नेपाल भ्रमणमा आउँदा महाथीर मोहम्मदले देशको आर्थिक विकासका लागि देशका राजनीतिक दलहरू, विभिन्न समुदाय तथा जातजातिबीच भावनात्मक एकता आवश्यक भएको बताउनुभएको थियो। उहाँले लगानी र व्यापारीमैत्री वातावरणको निर्माणका साथै कानूनी अप्ठ्याराहरू पनि बढी नभएमा मात्रै लगानी भित्रिने बताउनुभएको थियो। नेपालमा जलस्रोत, कृषि, ऊर्जा, पर्यटन, जडीबुटी लगायतका क्षेत्रमा वैदेशिक लगानीलाई भित्र्याउनु आवश्यक छ। नेपालको आर्थिक विकासका लागि वैदेशिक लगानी अपरिहार्य छ। *गोप*

# गर्भावस्थामा अल्ट्रासाउन्डको महत्व



**मातृका शर्मा**

गर्भवती भएपछि महिलाको स्वास्थ्य अवस्थाबारे थाहा पाउन विभिन्न जाँच गरिन्छ। यसबाट आमा र बच्चाको स्वास्थ्य अवस्था र सम्भावित जोखिमबारे आँकलन गर्न सकिन्छ। त्यस्तै गर्भावस्थाको समयमा बच्चाको विकासको सही मूल्यांकन गर्न चिकित्सकहरुले समय-समयमा अल्ट्रासाउन्ड गर्न सिफारिस गर्छन्।

गर्भावस्थाको समयमा बच्चाको विकास जाँच गर्न समय-समयमा अल्ट्रासाउन्ड गरिन्छ। यस प्रक्रियामा अल्ट्रासाउन्ड किरणहरू मार्फत, पेटभित्र बढ्दै गरेको बच्चाको विकास र सही स्थिति कस्तो छ भन्ने कुरा पत्ता लगाइन्छ।

गर्भमा रहेको शिशुको वृद्धि विकास कस्तो छ ? कुनै स्वास्थ्य सम्बन्धी समस्या छ कि छैन ? लगायतका कुरा अल्ट्रासाउन्डबाट थाहा पाउन सकिन्छ। समयमै अल्ट्रासाउन्ड गर्दा भविष्यमा बच्चामा आउन सक्ने समस्याको बेलैमै पहिचान गरी समाधान गर्न सकिन्छ। त्यसैले गर्भावस्थामा महिलाले कम्तीमा तीनदेखि चार पटक अल्ट्रासाउन्ड गर्नु राम्रो हुन्छ।

**पहिलो अल्ट्रासाउन्ड**

पहिलो अल्ट्रासाउन्ड गर्भावस्थाको पहिलो त्रैमासिकमा गरिन्छ। यसबाट बच्चा पाठेघरभित्र बसेको छ कि बाहिर बसेको छ भन्ने कुरा थाहा हुन्छ। यस क्रममा पेटमा बढ्दै गरेको बच्चाको मुटुको धड्कनका बारेमा जानकारी लिइन्छ र यससँगै भ्रूणको विकास ठीकसँग भइरहेको छ कि छैन भन्ने पनि थाहा हुन्छ।

साथै डेलिभरी हुने मिति पनि थाहा हुन्छ। नाकको हड्डी राम्ररी बनेको छ कि छैन, गर्दनको मोटाइ कति छ भन्ने कुरा हेरिन्छ, जसले बच्चामा डाउन सिन्ड्रोम छ कि भन्ने कुराको पनि संकेत गर्छ। त्यसपछि डाउन सिन्ड्रमको थप जाँच गर्न सकिन्छ।

**दोस्रो अल्ट्रासाउन्ड**

दोस्रो अल्ट्रासाउन्ड गर्भावस्थाको पाँचौं महिना १८ देखि २२ हप्तामा गर्नुपर्छ। यस अवधिमा बच्चाको छिटो विकास हुन्छ र उसको शरीरका अंगहरु बन्न थाल्छन्। अङ्गहरूको राम्ररी विकास भएको छ कि छैन भन्ने कुरा अल्ट्रासाउन्ड मार्फत पत्ता लाग्छ। यो अल्ट्रासाउन्डमा बच्चाको मुटुको धड्कनसँगै मस्तिष्क र मिर्गौलाको स्थिति पनि हेर्न सकिन्छ। यसमार्फत बच्चामा सम्भावित जन्मदोषहरू पत्ता लगाउन सकिन्छ।

**तेस्रो अल्ट्रासाउन्ड**

गर्भावस्थाको सातौं महिना, २८औं हप्ता र ३२औं हप्ताको बीचमा तेस्रो अल्ट्रासाउन्ड गराउनु राम्रो हुन्छ। यो अल्ट्रासाउन्डमा बच्चाको मुटुको धड्कन, साल ठीक ठाउँमा छ कि छैन, पाठेघरमा पानीको मात्रा ठीक छ कि छैन र बच्चाको बढ्दो तौलको बारेमा जानकारी लिइन्छ। यससँगै बच्चाको विकास र गतिविधि पनि देख्न सकिन्छ।

**चौथो अल्ट्रासाउन्ड**

चौथो र अन्तिम अल्ट्रासाउन्ड गर्भावस्थाको ३४ देखि ३६औं हप्ता अर्थात् गर्भावस्थाको अन्तिम अवधिसम्म गरिन्छ। यस अल्ट्रासाउन्ड मार्फत बच्चाको स्थिति देख्न सकिन्छ। यो अल्ट्रासाउन्ड धेरै महत्त्वपूर्ण छ र यसमार्फत थाहा हुन्छ कि यो कस्तो प्रकारको डेलिभरी हुनेछ र यसले कति समस्या निम्त्याउन सक्छ। बच्चा उल्टो बसेको छ, बच्चाको तौल बढी छ, पेटको पानी कम भएको छ भने सिजरियन डेलिभरी गर्नुपर्ने हुन्छ। यस्तो कुनै समस्या छैन भने नर्मल डेलिभरी हुन्छ।

# वीरता जेसीजले गर्‍यो झण्डोत्तोलन



**बिर्तामोड, बैशाख १३।** वीरता जेसीजले बिहीबार एक कार्यक्रमका बीच झण्डोत्तोलन गरेको छ ।

वीरता जेसीजको सन् २०२३ र २०२४ को संयुक्त बोर्ड बैठक सम्पन्न भएको छ । बैठक लगत्तै सन् २०२४ का अध्यक्ष विकास बस्नेतसहितको टिमले झण्डोत्तोलन गर्दै आफ्नो कार्यकालको शुरुवात गरेको छ ।

झण्डोत्तोलन कार्यक्रमका प्रमुख अतिथी वीरता जेसीजका सन् १९९७ का अध्यक्ष शेखर ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वीरता जेसीजका सन् २०२० का अध्यक्ष मिजास पोखेल लगायतले शुभकामना मन्तब्य राखेका थिए ।

झण्डोत्तोलन कार्यक्रमको संयोजक सुवास त्रिखत्री रहेका थिए । कार्यक्रममा संयुक्तरुपमा जेसीज आस्था वाचन गरिएको थियो भने कार्यक्रमको सञ्चालन महासचिव सुमन पोद्दारले गरेका थिए ।

# बाख्रापालन व्यवस्थापन तालिम




**बिर्तामोड, बैशाख १३।** सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था बाहुनी सेवा केन्द्रको आयोजनामा एक दिने बाख्रा पालन तथा व्यवस्थापना तालिम भएको छ ।

बिर्तामोड-२ स्थित चारपानेमा मुख्य कार्यालय रहेको नेपालकै नम्बर वान साकोसको बाहुनी सेवा केन्द्रले मोरङको बेलबारी बाहुनीस्थित सामुदायिक भवनमा तालिम गरेको हो । तालिमको सहजीकरण पशु चिकित्सक राकेशकुमार झा र पशुचिकित्सक प्रशिक्षक सञ्जिव यादवले गरेको कार्यक्रममा ५३ जना बाख्रापालकको सहभागिता रहेको थियो ।

कार्यक्रममा बाख्रालाई नाम्ले जुकाको औषधि र उन्नत जातका तरकारीको बीऊ निःशुल्क वितरण गरिएको सेवाकेन्द्र प्रमुख उमेश भारतीले जानकारी दिए । त्यस्तै सदस्य रुक्मा विश्वकर्माको मृत्युपछि उनको परिवारलाई ६५ हजार रुपैयाँ ऋण मिनाह समेत गरिएको छ । उनका श्रीमान लाले विश्वकर्मालाई उक्त रकमबापतको चेक हस्तान्तरण गरिएको थियो । सेवा केन्द्र सहयोग उपसमिति संयोजक धनराज विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा बेलबारी नगरपालिका वडा नम्बर ७ की वडाध्यक्ष सुनिता चौधरीको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा स्वागत तथा कार्यक्रमको औचित्य माथि प्रकाश सलकपुर अनुगमन प्रमुख महेश तामाङले प्रस्ट पारेका थिए । कार्यक्रममा साकोसका जीवन बरदान कार्यक्रमका चक्र कार्की, सेवा केन्द्र प्रमुख उमेश भारती लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा कर्मचारी तोगिन्द्र घिमिरे, विपेन्द्र यादव, रविनाकुमारी चौधरी, बिनिता चौधरी, प्रतिमा चौधरी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सेवा केन्द्र कर्मचारी पेशलकुमारी शर्माले गरेकी थिइन् ।

# फरार विश्वकर्मा युएईबाट पक्राउ

**झापा, बैशाख १३।** वैदेशिक रोजगार कसूर मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी बाँके खजुरा गाउँपालिका-२ सितापुर बस्ने कमल विश्वकर्मा पक्राउ परेका छन् ।

एनसीबी अबुधावी युएईको समन्वयमा युएईमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ ।

वैदेशिक रोजगार कसूर मुद्दाको अनुसन्धानको सिलसिलामा उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि वैदेशिक रोजगार विभाग अनुसन्धान तथा मुद्दा शाखा ताहाचल काठमाडौंबाट अनुरोध भएपश्चात एनसीबी काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२४ फेब्रुअरी २ मा रेड नोटिस जारी भएको थियो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि वैदेशिक रोजगार विभागमा बुझाइएको छ ।

# एलजीको नयाँ वर्ष उपहार योजना




**झापा, बैशाख १३।** नेपालको सबैभन्दा धेरै बिक्री हुने अन्तर्राष्ट्रिय ब्राण्ड एलजीले नयाँ बर्ष २०८१ लाई लक्षित गर्दै 'नयाँ बर्षको सुखद् सुरुवात, नगद र उपहारको साथ' नामक योजना ल्याएको छ ।

ग्राहकले एलजीका घरायसी सामानहरु खरिद गर्दा नगद छुट र पक्का उपहारका साथै रु. एक लाखको दुर्घटना बीमा तथा लक्की ड्र मा एलजी ओलेड टिभी हरेक महिना जित्न सक्नेछन् ।

एलजी ओलेड टिभी, एलजी क्युनेड टिभी, एलजी युएचडी टिभी, साउन्ड बार, होम अडियो, एलजी सिङ्गल डोर रेफ्रिजेरेटर र भ्याकुम क्लिनरको खरिदमा ग्राहकहरुले ४०% सम्मको क्यास ब्याक प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ । साथै एलजी साइड बाइ साइड फ्रेन्च डोर रेफ्रिजेरेटरको खरिदमा माइक्रोवेभ ओभन, एलजी डबल डोर रेफ्रिजेरेटर(३०८ लिटर र माथि)को खरिदमा मिक्सर वा भेजिटेबल प्युरिफायर, एलजी डबल डोर रेफ्रिजेरेटर(२८५ लिटरसम्म)को खरिदमा भ्याकुम फ्लास्क वा प्रेसर कुकर, एलजी फ्रन्ट लोड वाशिङ मेसिन(१० केजी र माथि)को खरिदमा इन्डक्सन कुकर, एलजी फ्रन्ट लोड वाशिङ मेसिन(९ केजी सम्म)को खरिदमा छ केजी डिटरजेन्ट पाउडर, एलजी टप लोड तथा टुइन टब वाशिङ मेसिनको खरिदमा चार लिटर डिटरजेन्ट लिकुइद, एलजी डिस वासरको खरिदमा दुई प्याकेट डिसवासर किट, एलजी माइक्रोवेभ ओभनको खरिदमा खाना पकाउने कीट र एलजी एयर प्युरिफायरको खरिदमा एयर हिउमिडिफायर प्राप्त गर्न सक्ने बताइएको छ ।

त्यस्तै एयर सलुसन तर्फको एलजी रुम एयर कन्डिसनर र फ्लोर स्ट्यान्डीङ तथा क्यासेट एयर कन्डिसनरको खरिदमा ग्राहकहरुले फ्री इन्स्टलेशन सेवा पाउनेछन् । साथै ग्राहकहरुले हरेक महिना लक्की ड्र मार्फत दुई वटा एलजी ओलेड टि.भी. जित्न सक्नेछन् । कुनै पनि एलजी टि.भी.को खरिदमा रु. एक लाखको दुर्घटना बिमा पनि प्राप्त गर्न सक्नेछन् । ग्राहकहरुले यो बीमा मार्फत संसारको कुनै पनि कुनामा भएको दुर्घटनाको क्षतिपूर्ति दाबी गर्न सक्ने बताइएको छ ।

लक्की ड्र र दुर्घटना बीमामा समावेश हुन विज्ञापनमा दिइएको छुट्टाछुट्टै क्युआर कोड स्क्यान गरेर मागिएको विवरण भरेर रजिस्टर गर्नुपर्नेछ । यसका साथसाथै सून्य % ब्याजदरमा ईएमआइ, कुनै पनि ब्रान्डको पुरानो सामानसँग एलजीको सामानसँग साट्न सकिने एक्सचेन्ज अफर, एलजी लोयल्टी क्लब रिवार्ड, फ्री एलजी सर्टिफाइड इन्स्ट्लेसन र फ्री डेलिभरी पनि रहेको छ । यो योजना चैत २१ गतेदेखि देशभर सिमित अवधिका लागि लागू गरिएको कम्पनीले जनाएको छ ।

# धार्मिक पर्यटकीय स्थल बन्दै अर्जुनधारा जलेश्वरधाम

**अर्जुनधारा, बैशाख १३।** पूर्वको प्रसिद्ध धार्मिक स्थलको रुपमा परिचित अर्जुनधारा नगरपालिका-७ झापास्थित अर्जुनधारा जलेश्वरधाम धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको छ ।

सरकारले उत्कृष्ट सय वटा पर्यटकीय गन्तव्यको सूचीमा अर्जुनधारा जलेश्वरधामलाई समावेश गरेपछि यसको धार्मिक तथा पर्यटकीय महत्व झनै चुलिएको छ । जलेश्वरधामका मूल गुरु अग्निप्रसाद सिग्देलका अनुसार यस धाममा दैनिक दुईदेखि तीन हजार भक्तजन आउने गरेका छन् ।

महाभारतकालीन इतिहास बोकेको जलेश्वरधामको आधुनिक संरचना वि.सं. २०२३ बाट बनाउन शुरु गरिएको हो । पाँच विगाह क्षेत्रफलमा फैलिएको यहाँ बृहतत्तर विकास भइरहेको छ । जलेश्वरधाम क्षेत्रभित्र एक सय आठ शिवलिङ्ग तथा पार्वती मन्दिर, शनि मन्दिर, यज्ञशाला, मोक्षेश्वर शिव लिङ्ग, अर्जुनवाण मूल पोखरी, पाँचधारा, धान्यचल, कालीनाग मन्दिर, हनुमान स्तम्भ, सन्त निवास भवन, श्री हनुमान लक्ष्मीनारायण तथा नटराज गणपति मन्दिर र



गौशला रहेका छन् ।

महाभारतकालमा पाण्डवलाई १२ वर्ष वनवासका साथ एक वर्ष अज्ञातवास भएको समयमा राजा विराटका हजारौं गाईलाई कौरवले हरण गरेर भारतको गुवाहटी पुर्‍याएको र त्यो बेलामा अर्जुनले आफ्नो वाणको सहायताले अर्जुनधारा धाममा पानी निकालेर गाईलाई खुवाएको किंवदन्ती छ ।

वि.सं. २०३९ देखि प्रत्येक वर्ष वार्षिक अनुष्ठान गर्दै आएको अर्जुनधारा जलेश्वरधामले हालसम्म ४२औं वार्षिक अनुष्ठान सम्पन्न गरिसकेको मूल गुरु अग्निप्रसाद सिग्देलले जानकारी दिए । धामभित्रै अर्जुनधारा संस्कृत विद्यापीठ समेत सञ्चालनमा छ । विद्यापीठमा ८० जनाले अध्ययन गरिरहेका छन् । कक्षा ६ सम्मको पढाई हुने विद्यापीठमा आवासीय सुविधासहित निःशुल्क पठनपाठन गराइने अर्जुनधारा जलेश्वरधाम व्यवस्थापनले जनाएको छ । त्यस्तै धामभित्रै रहेको गौशालामा २० वटा गाई पालन गरिएको छ ।

मुल गुरु सिग्देलले भने- 'हाम्रो धाममा आउने ६० जनासम्म भक्तजनहरुलाई खानबस्न सहितको सुविधा समेत रहेको छ ।' जलेश्वरधामको अधिकांश खर्च दान दातव्यबाट प्राप्त भएको रकमबाटै चल्ने गरेको छ । केही रकम संघीय सरकार स्थानीय सरकारले सहयोग गरेको उनले बताए । जलेश्वरधाममा नेपालभित्रका मात्र नभई भारतबाट समेत भक्तजन आउने गरेका छन् । अर्जुनधारा जलेश्वरधामको उचित प्रचार हुन नसकेको स्थानीयको गुनासो छ ।

# विद्यार्थीलाई स्कूल ब्याग



**भद्रपुर, बैशाख १३।** भद्रपुर-१ स्थित हिमाली मावि कक्षा १० मा अध्ययनरत् विद्यार्थीहरुलाई स्कूल ब्याग वितरण गरिएको छ ।

शारदा-सुदर्शन देवकोटा फाउन्डेशन काठमाडौंले शारदा स्मृति विद्यार्थी प्रोत्साहन कार्यक्रम अन्तर्गत हिमाली माविका ८० जना विद्यार्थीहरुलाई एक कार्यक्रमका बीच स्कूल ब्याग वितरण गरेको हो ।

भर्खरै कक्षा ९ बाट कक्षा १० मा उर्तिण भएका विद्यार्थीहरुको प्रोत्साहनका लागि स्कूल ब्याग वितरण गरिएको फाउन्डेशनकी अध्यक्ष डा. सुधा देवकोटाले जानकारी दिइन् । विगत चार वर्षदेखि यस फाउन्डेशनले विद्यालयहरुमा विद्यार्थी प्रोत्साहन कार्यक्रम गर्दै आइरहेको उनले बताइन् । दुई वर्ष काठमाडौं, एक वर्ष विरानगटरमा र यो वर्ष झापामा यो कार्यक्रम आयोजना गरेको फाउन्डेशनका कार्यकारी निर्देशक तेजकुमार बाँस्तोलाले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीनकुमार भट्टराईको अध्यक्षता तथा कोशी प्रदेश सांसद भूमिप्रसाद राजवंशीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, विद्यालयका प्रधानाध्यापक दीपककुमार दाहाल लगायतले मन्तव्य राखेको कार्यक्रमको सञ्चालन शिक्षक विश्वनाथ राजवंशीले गरेका थिए ।

# कुष्ठरोग प्रभावितलाई अभिमुखीकरण



**बिर्तामोड, बैशाख १३।** बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाले कुष्ठ प्रभावितहरुलाई स्वयम् हेरचाह सम्बन्धी अभिमुखीकरण प्रदान गर्दै सामग्री हस्तान्तरण गरेको छ ।

नगर अस्पतालमा आयोजित एक कार्यालयका बीच कुष्ठ प्रभावितहरुलाई सचेतना प्रदान गर्दै स्वास्थ्य सरसफाईका लागि सामग्री वितरण गरिएको हो । ३० जना कुष्ठ प्रभावितहरुलाई नगर प्रमुख पवित्रा महतारा प्रसाईले सामग्री हस्तान्तरण गरेकी हुन् ।


सरसफाईका लागि औषधि, बाटा, मग, जुत्तामोजा लगायतका सामग्री हस्तान्तरण गरिएको थियो । सिनियर अहेव दिपक सापकोटाका अनुसार प्रभावितहरुलाई दुई घण्टाको अभिमुखीकरण समेत प्रदान गरिएको थियो ।

जिल्लाकै उच्च जोखिम रहेको बिर्तामोड नगरपालिकामा बालबालिकाहरुमा समेत कुष्ठरोग फेला परेको छ । बालबालिकाहरु मै रोग देखिएपछि समुदायमा फैलावट धैरै भएको बताइएको छ । स्वास्थ्य शाखाले समुदायसम्म पुगेर कुष्ठरोगका संक्रमित विरामीहरुको खोज पड्तालसँगै विरामीहरुको उपचारमा सहजीकरण गरिरहेको छ ।

कार्यक्रममा नगरप्रमुख प्रसाईले सरसफाईमा विशेष ख्याल गर्न आग्रह गरिन् । उनले कुनै समस्या भए तत्कालै नगर अस्पताल आएर उपचारमा सहयोग लिन सूझाव दिइन् । नागरिकको स्वास्थ्य सेवामा नगरपालिका प्रतिबद्ध रहेको उनको भनाइ छ ।

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| | | सन्तोष | जीवन कार्की |
| दमकबाट | बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट | दिउसो १२ बजे | | |

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुवै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
आज अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन पनि बिमुख हुने छन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आजको दिन अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ । व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
समय मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
कार्यसिद्धीहुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुर्‍याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
व्यापार-व्यवसायमा लाभदायक योग छ, अकस्मात धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।